# आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.

# Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था"


क. द. नं. १३३७८५/०७१/०७२
ने. रा. बैं. इ. पा. नं. घ ४५/०७२/७३
पान नं. ६०२४८८६२८


"नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तर कार्यक्षेत्र भएको)"


केन्द्रीय कार्यालय बनेपा-१० काभ्रेपलाञ्चोक, फोन नं. ०११-६६४५७९


## Unaudited Financial Result (Quarterly)
## At the end of First Quarter (31/06/2079) of the Fiscal Year 2079/080

*(Rs. in '000)*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **5,397,693.02** | **5,434,945.13** | **5,173,285.80** |
| 1.1 | Paid-up Capital | 367,143.41 | 367,143.41 | 286,763.15 |
| 1.2 | Reserves and Surplus | 112,573.12 | 141,377.36 | 178,122.58 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 3,185,066.82 | 3,183,514.50 | 3,205,540.37 |
| 1.5 | Deposits (a+b) | 1,649,392.23 | 1,628,470.45 | 1,397,279.35 |
| | a. Domestic Currency | 1,649,392.23 | 1,628,470.45 | 1,397,279.35 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | 2,846.13 | 30,146.76 | 24,269.05 |
| 1.7 | Other Liabilities | 80,671.32 | 84,292.64 | 81,311.30 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **5,397,693.02** | **5,434,945.13** | **5,173,285.80** |
| 2.1 | Cash & Bank Balance | 145,836.79 | 380,475.00 | 260,477.00 |
| 2.2 | Money at call and short Notice | - | - | - |
| 2.3 | Investments | 1,000.00 | 1,000.00 | 1,000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 5,196,526.00 | 4,965,895.84 | 4,873,066.37 |
| | f. Others | 5,196,526.00 | 4,965,895.84 | 4,873,066.37 |
| 2.5 | Fixed Assets | 23,541.46 | 23,290.65 | 19,418.23 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 30,788.77 | 64,283.63 | 19,324.21 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 183,487.96 | 740,375.63 | 164,351.35 |
| 3.2 | Interest Expense | 115,657.72 | 399,750.84 | 72,266.56 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **67,830.24** | **340,624.80** | **92,084.79** |
| 3.3 | Fees Commission and Discount | - | - | - |
| 3.4 | Other Operating Income | 26,280.60 | 94,732.22 | 30,601.82 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **94,110.83** | **435,357.01** | **122,686.61** |
| 3.6 | Staff Expenses | 62,464.72 | 231,214.97 | 61,687.09 |
| 3.7 | Other Operating Expenses | 16,226.20 | 97,145.31 | 21,148.62 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **15,419.92** | **106,996.74** | **39,850.90** |
| 3.8 | Provision for Possible Loss | 9,187.66 | 17,408.01 | 21,570.13 |
| **D** | **Operating profit (C-3.8)** | **6,232.25** | **89,588.72** | **18,280.77** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 4,308.95 | 22,065.96 | 5,167.24 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **10,541.21** | **111,654.68** | **23,448.01** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **10,541.21** | **111,654.68** | **23,448.01** |
| 3.12 | Provision For Staff Bonus | 1,054.12 | 11,165.47 | 2,344.80 |
| 3.13 | Provision For Tax | 2,846.13 | 30,146.76 | 6,330.96 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **6,640.96** | **70,342.45** | **14,772.25** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 9.19% | 9.52% | 9.00% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 4.95% | 4.94% | 4.62% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 35.41% | 39.58% | 37.06% |
| 4.4 | Cost of Funds | 9.59% | 9.02% | 6.80% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 248.42% | 236.77% | 266.23% |

**Note:** The above figures are subject to change upon otherwise instructions from Statutory Auditors & Supervising Authority.

| Interest rate on Deposit and Loan & Advances | |
|---|---|
| **Deposit 4 % to 10 %** | **Loan 14.79% - 15 %** |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को**
**अनुसूची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

## आर्थिक वर्ष २०७९/०८० को प्रथम त्रैमासिक प्रतिवेदन

**१. वित्तिय विवरण :**

**क) त्रैमासिक अवधिको वासलत, नाफा/नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।**

**ख) प्रमुख वित्तीय अनुपातहरुः**

| प्रति शेयर आम्दानी | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ७.२४ (बार्षिकीकरण) | ९८.३४ | १३०.६६ | १४७०.१९ | ३.०२ |

**२. व्यवस्थापकिय विश्लेषण :**

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धि विवरण :
यस यस वित्तीय संस्थाको कारोबार,मौज्दात,आम्दानी र तरलता गत त्रैमासमा र सोही अवधिको तुलनामा वृद्धि हुन नसक्नुको मुख्य कारण संस्थाको लागत मुल्यमा वृद्धी हुनुको साथै निस्क्रिय कर्जा अनुपातमा समेत वृद्धी हुनु हो । यद्यपी संस्थाको समग्र कार्यक्रम सन्तोषजनक हुनुको साथै व्यवसायिक योजना अनुरुप नै रहेको छ ।

ख) आगामी अवधिको ब्यबसायिक योजना सम्बन्धमा ब्यबस्थापनको विश्लेषणात्मक विवरण : :नेपाल राष्ट्.वैकबाट राष्ट्रिय स्तरको कार्यक्षेत्र विस्तार गर्न स्विकृती प्राप्त यस वित्तीय संस्थाले देशका ७ वटै प्रदेशबाट ५३ जिल्लामा १५० वटा शाखाहरुबाट सेवा दिंदै आएकोमा संस्थाले यो त्रैमासिकमा ४ वटा शाखाहरुलाई एक आपसमा मर्जर गरी १४६ वटा शाखाहरुबाट वित्तीय सेवा प्रदान गदै आएको छ । आगामि दिनहरुमा पनि कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेका दुर्गम स्थानीय तहलाई प्राथमिकतामा राखिएको छ । यस त्रैमासको अन्तसम्ममा यस वित्तीय संस्थाले कूल ९९,९१२ विपन्न घर परिवारमा लघुवित्त सेवा प्रदान गरेको छ । कर्मचारीको क्षमतामा अभिबृद्धि गरी कार्यकुशलतामा अभिबृद्धि गर्न, उत्पादकत्व बृद्धि गर्न, तथा कार्यक्रमलाई थप प्रभावकारीरुपमा संचालन गर्न कर्मचारीलाई आवश्यक तालिम तथा अन्तरक्रियामा संलग्न गराई कर्जा तथा कार्यक्रमको गुणस्तर वृद्दी गर्न जोड दिईएको छ ।

ग) विगतको अनुभव बाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पर्नसक्ने घटना आदि भएमा सो सम्बन्धी विष्लेषणात्मक विवरण : लघुवित्त संस्थाहरुको बाक्लो उपस्थितीले हुनसक्ने अस्वस्थ प्रतिस्पर्धा, हाल बजारमा देखिएको तरलता चरम अभाव तथा कर्जा लगानीमा निर्धारित ब्याजदरको सिमा जस्ता कुराहरुले असर गर्न सक्ने भएतापनि हाल सम्म यस्ता घटनाबाट पर्नसक्ने असरबाट संस्था सचेत भई संस्थालाई प्रगति उन्मुख बनाउन सचेत एवम् अग्रसर छ । कर्जाको दोहोरोपनालाई निरुत्साहीत गरी गुणस्तरमा अभिवृद्धी गर्न यस वित्तीय संस्थाले कर्जा सुचना केन्द्रसंग समन्वय गरी कर्जा सुचना आदान प्रदान गर्दै आएको छ ।

**३) कानुनी कारवाहि सम्बन्धि विवरण :**

क) यस अवधिमा संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र संस्थाको बिरुद्धमा मुद्दा दायर भएको छैन ।

ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोवारले यस संस्थाको बजार मुल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाईट www.nepalstock.com अनुसार गत त्रैमासिक अवधिमा संस्थाको शेयर कारोवार निम्न विवरण अनुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार रकम | कारोबार कित्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ९५९.९० | ६८८.२ | ७१२ | ५० | १६६४ | ३५४२३५३७ | ४३३४५ | |

**५. समस्या तथा चुनौती**

क) हाल नयाँ लघुवित्त वित्तीय संस्थाहरुको लाईसेन्स दिने कार्य बन्द भईसकेको भएता पनी शाखा बिस्तार हुने क्रम जारी रहेको हुँदा यी संस्थाहरुबीच उत्पन्न प्रतिस्पर्धा, बढ्दो कारोना भइरसको प्रकोप तथा सदस्यहरुको दोहोरोपनाको कारण चुनौतीहरु थपिदै गईरहेका छन् । यसका साथै नियमनकारी निकायबाट समय समयमा परिवर्तन भई जारी हुने नीति, नियम, आदिको कारण संस्थामा संचालन जोखिम बढ्न सक्ने र सोको न्यूनीकरणका लागि थप चुनौती रहेको छ ।

ख) लघुवित्त वित्तीय संस्थाहरुको संख्यात्मक वृद्धि, अस्वस्थ प्रतिस्पर्धा, दोहोरोपना, सदस्यहरुमा कर्जाको अधिक भार आदि कारणले कार्यक्रमको गुणस्तर कायम राख्न थप चुनौतीको सामना गर्नु परेको छ ।

ग) वित्तीय संस्था मार्फत पिछडिएका समुदायलाई वित्तिय सेवा प्रदान गर्ने कार्ययोजना अनुरुप कार्यक्रम अघि बढाईएको छ ।

**६. संस्थागत सुशासन**

संस्थागत सुशासनका लागि यस वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ । सञ्चालक समितिका काम कारवाहीहरु तथा संस्थाको अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा सञ्चालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनभूती गराउन संस्था सदैव क्रियाशील छ । यस संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु तथा कानूनहरुको परिपालना गरिएको छ । संस्थाको संचालक समिति, आन्तरिक लेखापरीक्षण समिति र व्यवस्थापन समूह संस्थामा संस्थागत सुशासन कायम राख्न प्रतिबद्ध छन् । संस्थासंग भएका लिखित नीति, नियम र निर्देशिकाहरुले संस्थाको संचालन र सुशासनको सुनिश्चिता गरेको विश्वास छ ।

**७. सत्य तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने वुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पुर्ण छन् । लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।